**<u>समुद्घाटन समारोहमा सम्माननीय प्रधानमन्त्रीज्यूको संवोधानका लागि वुंदाहरु</u>**

- नेपाल उद्योग वाणिज्य महासंघको ५० औं वार्षिक साधारण सभा, उद्योग वाणिज्य दिवस २०७२
- मुलुकको आर्थिक व्यवसायिक विकासमा निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्था नेपाल उद्योग वाणिज्य महासंघको भूमिका अग्रस्थानमा
- सरकारको तर्फबाट ५० औं वार्षिक साधारण सभा तथा उद्योग वाणिज्य दिवसका अवसरमा सवै उद्यमी व्यवसायीहरुमा शुभकामना
- समृद्ध मुलुक निर्माणको अभियानमा तपाईहरुको साथ र सहयोग सरकारका लागि सदैव महत्वपूर्ण हुने विश्वास सहित तपाईहरुको व्यवसायिक सफलताको कामना
- आगामी दिनमा समेत मुलुक निर्माणको अभियानमा सरकारले निजी क्षेत्रको महत्वपूर्ण शक्तिको रुपमा महासंघलाई एकसाथ लिएर अगाडी बढ्ने विश्वास दिलाउछु ।
- मित्रराष्ट्र भारत र चीनको भ्रमण प्राप्त उपलब्धी पूर्णरहेको भ्रमणका अवसरमा भएका सहमति संझौता र छलफललाई ध्यानमा राखि सरकारले काम गर्ने । के गर्दा नेपाली जनताको हितमा बढी भन्दा बढी कार्य गर्न सकिन्छ, आफ्नो तर्फबाट निरन्तर लागीरहने

- अर्थिक  विषियसंग प्रत्यक्ष सम्बन्ध राख्ने ऐनहरु छिटो पारित हुनु पर्ने निजी क्षेत्रको मागलाई ध्यानमा राखी ऐनहरु पारित गर्न सरकारले प्राथमिकता का साथ काम गर्न ।
- स्वदेशी र विदेशी पूजी लगानी आकर्षित गर्न नीतिगत निरन्तरता दिईने । र यस्मा रहेका कमी कमजोरि हटाइने ।
- आर्थिक क्षेत्रका एजेन्डालाई सरकारले प्राथमिकतामा राखी काम गर्न । यस्कालागि आवश्यक कार्य योजना वनाईने छ ।
- निजी क्षेत्रको सल्लाह अनुसार उर्जा संकटको व्यवस्थापन, अल्पकालीन र दिर्धकालीन योजना र रणनीति वनाई अघि बढ्न सरकारले विशेष पहल गर्नेछ ।
- वजार मूखि अर्थतन्त्रलाई सवल, सुनिश्चित र जिम्मेवार बनाउन आवश्यक व्यवस्था गरिने ।
- निजी क्षेत्रलाई आर्थिक विकासको महत्वपूर्ण संयन्त्रको रुपमा काम गर्न आवश्यक नीतिगत एवमं कानूनी व्यवस्थामा सुधार ल्याइने  ।
- उद्योगी व्यवसायीहरुलाई दुक्कसंग व्यवसाय संचालन गर्ने वातावरण बनाउन सरकार प्रयत्नशलि छ । अकारण कसैलाई पनि दुःख दिने र हतोत्साहित गरिने छैन ।
- राजनैतिक हिसावले नयाँ संविधान जारी पछि राजनैतिक कान्ति पूरा भएको छ । अब मूलुकमा आर्थिक कन्तीको सुरु गर्नु पर्छ । निजी क्षेत्र यस्को लागि तयार हुनु पर्छ ।

- आर्थिक हिसावले मुलुक अहिले जटिल मोडमा छ । विनासकारी भूकम्पको कारण एवम करिव ५ महिना सम्मको अघोषित नाकावन्दी ले हाम्रो आर्थिक वृद्धि ऋृणात्मक हुने अनुमान गरिएको छ ।
- हामीले नोक्सानीको छिटो परिपूर्ति गर्न आवश्यक छ , यस्का लागि निजी क्षेत्रले आफ्नो पूजी र प्रयासलाई अधिकसेअधिक रुपमा परिचालन गर्न जरुरीछ ।
- उद्योग व्यवसाय क्षेत्रले भोग्नु परिरहेका समस्या र कठनाईको समाधान गर्न सरकार तयार छ । म आग्रह गर्छु तपाई उद्योगी व्यवसायीहरु ठोस सुझाव लिएर आउनुहोस म त्यस अनुरुप व्यवस्था मिलाउन तयार छु ।
- हामीले एकअकोलाई दोष दिएर वा जिम्मेवारी पन्छयाएर केही हुदैन , हामीले ईमान्दारी पूर्वक प्रयत्न गर्नु पर्छ, सरकार निजी क्षेत्रलाई हर किसिमले सहयोग गर्न चाहान्छ । निजी क्षेत्रले पनि थप उत्साह र जिमेवारी का साथ मुलुकको विकासमा जुटनु पर्छ ।